# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, भदौ ४ गते २०३६ साल [ संख्या १८

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

महान्यायाधिवक्ता (सेवा शर्त) (पाँचौं संशोधन ) नियमावली, २०३६

महान्यायाधिवक्ता ( सेवा शर्त ) नियमावली, २०२० मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ७६ को उप-धारा (३) बमोजिम देहायका नियमहरू बनाइबक्सेको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "महान्यायाधिवक्ता (सेवा शर्त) (पाँचौं संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यस नियमावलीको नियम २, २०३५ साल श्रावण १ गतेदेखि र अरू नियमहरू २०३५ साल वैशाख १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० को नियम २ मा संशोधन : महान्यायाधिवक्ता ( सेवा शर्त ) नियमावली, २०२० ( यसपछि "मूल नियमावली" भनिएको ) को नियम २ मा रहेको "दुईहजार एकसय पचास रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुईहजार दुईसय चालीस रूपैयाँ" भन्ने शब्दहरू राखिएकाछन् ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उप-नियम (४) पछि देहायको उप-नियम (५), (६) र (७) थपिएकाछन् :–

"(५) यो नियमबमोजिम पाउने उपचार खर्च महान्यायाधिवक्ताले पेश्कीको रूपमा लिन चाहेमा उप-नियम (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचारबापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम महान्यायाधिवक्ताको छ महीनाको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै महान्यायाधिवक्ताको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(६) पाँच वर्षको सेवा अवधि पूरा गरी सकेको महान्यायाधिवक्ताको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भएमा उप-नियम (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बोलबमोजिम भएको उपचार खर्चको रकम महान्यायाधिवक्ताले लिन पाउने छ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ । तर यस उप-नियमबमोजिम पाउने उपचार खर्च एक पटकमा महान्यायाधिवक्ताको एक महीनाको पारिश्रमिकभन्दा बढी हुने छैन ।

(७) महान्यायाधिवक्ताले अवकाश प्राप्त गर्दा उप-नियम (२) बमोजिम कुल सेवा अवधि भरमा पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको २/३ (दुई-तिहाई) को हिसाबले हुने एकमुष्ट रकम महान्यायाधिवक्ताले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ ।

तर अघि कुनै सरकारी सेवा गरेबापत उपचार खर्च लिइसकेको रहेछ भने निजले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।"

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।